# जातीय विभेदविरुद्ध राष्ट्रिय सम्मेलन
# जातीय विभेद उन्मूलनका लागि काठमाडौं घोषणापत्र

नेपालमा कानुनतः छुवाछुतको अन्त्य भएको करिब ६ दशक भइसकेको कुरा स्मरण गर्दै नेपालको संविधान २०७२ को 'छुवाछुत तथा भेदभावविरुद्धको हक धारा २४ मा भएको व्यवस्था, छुवाछुतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय तथा अन्य छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन-२०६८ कार्यान्वयनमा रहेको अवस्था मनन् गर्दै र मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९६५ ले व्यवस्था गरेको मानव जातिको आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्दै, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा ०७८ चैत ७ र ८ गते काठमाडौंमा आयोजित 'जातीय विभेदविरुद्ध राष्ट्रिय सम्मेलन' मा उपस्थित सातै प्रदेशका १ सय २० जना भन्दा बढी सहभागीहरूद्वारा १६ बुँदे **'जातीय विभेद उन्मुलनका लागि काठमाडौं घोषणापत्र २०७८'** जारी गरेका छौं ।

१. नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत छुवाछुत तथा भेदभाव विरुद्धको हक (धारा २४) का साथै समानताको हक (धारा १८), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२) को अक्षरशः पालना गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

२.  जातीय विभेदलाई शून्य सहनशीलताको सिद्धान्त अँगाली राज्यले 'छुवाछुत तथा भेदभावविरुद्धको हक धारा २४ लगायत अन्य सान्दर्भिक कानूनको प्रभावकारी कार्यान्वयन गर्न माग गर्दछ ।

३. जातीय भेदभाव तथा छुवाछुतका मुद्दालाई विशेष प्रकृतिको मुद्दा मानी पीडितलाई छिटो न्याय दिलाउन राज्यले आवश्यक पहल कदमी गर्न सम्मेलन माग गर्दछ ।

४. दलित समुदायको सशक्तिकरणका लागि क्षमता वृद्धि तथा सीप मुलक तालिम तथा आर्थिक सशक्तिकरण गर्ने नीति तथा कार्यक्रम तय गर्न सम्मेलन तीनै तहका सरकार र सरोकारवालासँग माग गर्दछ ।

५. नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप नीति तथा कार्यक्रम लागु गर्न नेपाल सरकारसँग सम्मेलन माग गर्दछ ।

६. जातीय विभेदविरुद्धका उजुरी सुन्ने राष्ट्रिय संयन्त्रको विकास गर्न तथा उजुरी परेका घटनामा मेलमिलाप गर्ने प्रवृत्तिको अन्त्य गर्न सम्मेलन माग गर्दछ ।

७. नेपालको संविधानको मौलिक हकको धारा ४० को उपधारा ५ र ६ मा उल्लेख दलितलाई एक पटकका लागि आवास र जमिन उपलब्ध गराउनु पर्ने प्रावधान लागु गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

८. दलित समुदायलाई आधारभूत तहदेखि उच्च तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयन गर्न सम्मेलन माग गर्दछ ।

९. जिल्ला प्रहरी कार्यालयहरूमा स्थापना गर्नुपर्ने दलित डेस्कको सबै जिल्लामा अविलम्ब स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

१०. हलिया प्रथा तथा वादी समुदायमाथिको यौनशोषण उन्मूलन भएको लामो समय बितिसक्दासमेत उनीहरूको पुर्नस्थापनाको सवाल ज्युँका त्युँ रहनु बिडम्बना भएको सम्मेलनले ठहर गरेको छ । यस्ता विषयमा भएका सम्झौता तथा घोषणाको स्मरण गर्न तथा तिनका प्राबधान यथाशक्य लागु गर्न तीनै तहका सरकारसँग सम्मेलन माग गर्दछ ।

११. संविधान तथा ऐन कानुनमा उल्लेखित प्रतिनिधित्व, सहभागिता, समावेशिता र आरक्षणको प्रभावकारी कार्यान्वयन गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

१२. सीमान्तकृत दलित समुदायको राज्यका निकायमा पहुँच अभिवृद्धि गर्न तथा क्षमता अभिवृद्धि गर्न सम्मेलन माग गर्दछ ।

१३. विद्यमान खलिया, बालीघरे तथा कटुवाल पेशामा संलग्नहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्न स्थानीय तथा प्रदेश सरकारसँग सम्मेलन माग गर्दछ ।

१४. जातीय विभेदविरुद्ध स्थानीय तथा प्रदेश सरकारलाई जवाफदेहिता पालना गर्न यो सम्मेलन माग गर्दछ ।

१५. मधेसी दलित समुदायको संस्कृति, परम्परा र भाषासम्बन्धी समस्याको पहिचान गर्दै कानुन बनाएर सम्बोधन गर्न यो सम्मेलन माग गर्दछ ।

१६. विद्यालय तहको पाठ्यक्रममा जातीय विभेद तथा छुवाछुत विरुद्धको सामाजिक तथा न्यायिक विषय समेट्न सम्मेलन माग गर्दछ ।

*२०७८ चैत ८ गते*
*काठमाडौँ*